नेपाल सरकार,वन तथा वातावरण मन्त्रालय (मा. मन्त्रिस्तर) मिति २०७६/ ०५/०९ को निर्णयानुसार

राष्ट्रिय वनस्पति पुरस्कार कार्यविधि २०७२
(पहिलो संशोधन –२०७६)

वानस्पतिक विविधताको पहिचान , अध्ययन, अनुसन्धान र प्रविधिको विकास गरी यिनको संरक्षण , सम्बर्द्धन, व्यवस्थापन एवम् दिगो उपयोग गरी देशको सामाजिक–आर्थिक विकास गर्न उल्लेखनीय एवम् प्रशंसनीय कार्य गर्ने व्यक्ति , समूह वा संस्थालाई पुरस्कृत गर्ने उद्देश्यले वनस्पति विभागको स्वर्ण महोत्सवको उपलक्ष्यमा नेपाल सरकारले राष्ट्रिय वनस्पति पुरस्कार , २०६६ मा स्थापना गरिएकोमा सो पुरस्कारको लागि यो कार्यविधि तयार गरिएको छ ।

१.पुरस्कारको राशी र वितरण

राष्ट्रिय वनस्पति पुरस्कारको कुल राशी रु. २,००,००० (दुई लाख) रहने छ । सकेसम्म एक जना व्यक्ति , समूह वा संस्थालाई पुरस्कार दिनु पर्नेछ । एक व्यक्ति , समूह वा संस्था बाहेक अन्यलाई पनि पुरस्कार दिनु पर्ने अवस्थामा यो रकम मध्येबाट दामासाहिले समान रुपमा प्रदान गरिने छ ।

२.पुरस्कार मूल्याङ्कन समिति

राष्ट्रिय वनस्पति पुरस्कार छनौट समितिमा देश भित्र वानस्पतिक सम्पदाको क्रियाशिल सरकारी, गैह्र सरकारी तथा निजी क्षेत्रको समेत प्रतिनिधित्व हुने गरी निम्नानुसारको एक १५ सदस्यीय पुरस्कार मूल्याङ्कन समिति रहनेछ ।

१.महानिर्देशक, वनस्पति विभाग	संयोजक
२ सह–सचिव एवम् प्रमुख,योजना अनुगमन तथा समन्वयन महाशाखा, वन तथा वातावारण मन्त्रालय	सदस्य
३ सह–सचिव एवम् प्रमुख, पहिरो तथा जलाधार व्यवस्थापन महाशाखा, वन तथा भू संरक्षण विभाग	सदस्य
४.प्रतिनिधि (वरिष्ठ वैज्ञानिक), नेपाल कृषि अनुसन्धान परिषद	सदस्य
५ प्रतिनिधि (सह–सचिव स्तर), नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान	सदस्य
६.विभागिय प्रमुख, वनस्पति शास्त्र केन्द्रिय विभाग, त्रिभुवन विश्वविद्यालय	सदस्य
७ प्रतिनिधि (प्राध्यापक वा सह प्राध्यापक),वन विज्ञान अध्ययन संस्थान, त्रि. वि.	सदस्य
८.महाप्रबन्धक, नेपाल औषधी लिमिटेड	सदस्य
९.महाप्रबन्धक, जडीबुटी उत्पादन तथा प्रशोधन लिमिटेड	सदस्य
१०. प्रतिनिधि, सिंहदरबार बैद्यखाना	सदस्य
११. वानस्पतिक जगतमा ख्यातिप्राप्त संयोजकले तोकेको विज्ञ (३ जना)	सदस्य
१२.उप महानिर्देशक व्यवस्थापन तथा विकास महाशाखा वनस्पति विभाग	सदस्य
१३. उप–महानिर्देशक, अनुसन्धान तथा योजना महाशाखा, वनस्पति विभाग	सदस्य सचिव

३. पुरस्कार मूल्याङ्कन समितिको कामकर्तव्य र अधिकार

१. पुरस्कार छनौटको लागि आधारहरु तयार गर्ने ।
२. पुरस्कार छनौटको लागि सूचना प्रकाशन गरी प्राप्त निवेदनहरु मध्येबाट सिफारिस गर्ने ।
३. पुरस्कारको सिफारिस सम्बन्धमा विवाद आएमा बहुमतको निर्णयानुसार सिफारिस गर्नु पर्नेछ ।

४.पुरस्कार मूल्याङ्कन समितिको बैठक

१. समितिको प्रथम बैठक प्रत्येक आ.व.को दोश्रो चौमासिकमा बसी सूचनाको आधार तय गर्नेछ । अन्य बैठकहरु आवश्यकतानुसार बस्नेछ ।
२. पुरस्कारको लागि प्राप्त व्यक्ति वा संघ संस्थाहरुको निवेदन उपर आवश्यक छलफल र छानबीन गरी सिफारिस गर्ने कार्य समितिको बैठकबाट हुनेछ ।
३. समितिको बैठकको गणपुरक संख्या दुई तिहाई भन्दा बढी हुनु पर्नेछ । तर प्रथम बैठकमा गणपुरक संख्या नपुगेमा दोश्रो बैठकमा ५० प्रतिशत भन्दा बढी सदस्यहरुको उपस्थितिलाई गणपुरक संख्या मानिने छ ।

५.पुरस्कार छनौटका आधारहरु

१. राष्ट्रिय वनस्पति पुरस्कार नेपाली नागरिकहरुलाई मात्र प्रदान गरिने छ ।
२. पुरस्कार छनौट गर्दा राष्ट्रिय वनस्पति पुरस्कारको मुख्य उद्देश्यलाई ध्यान दिनु पर्नेछ ।
३. जडीबुटी खेती प्रशोधन गरी प्रशोधन पश्चात उत्पादन विकास र प्रवद्र्घनमा सहयोग पु र्याएको तथा जडीबुटीहरुको बजार र आर्थिक विकासमा टेवा पुर्याएको हुनु पर्नेछ ।
४.सो पुरस्कार मरणोपरान्त कुनै पनि व्यक्तिलाई दिईने छैन ।
५.अन्य आधारहरु अनुसुची (१) मा व्यवस्था भए बमोजिम हुनेछ ।
६.अनुसुची (१) बाट प्राप्त कुल अंक जुन आवेदकको सबै भन्दा बढी हुन्छ सोही व्यक्ति वा संस्थालाई वनस्पति पुरस्कारको लागि सिफारिस गर्नु पर्नेछ ।
७.पुरस्कार छनौट गर्दा पुरस्कारको उद्देश्य पूरा गर्न उल्लेखनीय कार्य गरेको हुनु पर्नेछ ।
८.Bio data भएका संघ, संस्था र व्यक्तिलाई मात्र पुरस्कारमा समावेश गर्नु पर्नेछ ।

६.वनस्पति विभागको कार्य

१. विभागले पुरस्कारको लागि आवेदन दिन मंसीर / पुष महिनामा कम्तिमा २ (दुई) पटक राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ । साथै सो सूचना वन तथा वातावरण मन्त्रालय र वनस्पति विभागको Website र सूचना पाटीमा पनि प्रकाशित गरिने छ ।
२. प्रचार प्रसारको माध्यमबाट पुरस्कारको लागि योग्य व्यक्ति , समूह वा संस्थाको नाम संकलन गरी अधिल्लो वर्षहरुमा प्राप्त भएका आवेदनहरुको आधारमा सम्भावित पुरस्कृत हुनेहरुको एक रोष्टर तयार गर्नु पर्नेछ ।
३. प्राप्त आवेदनहरुको प्रारम्भिक मूल्याङ्कन वनस्पति विभागको प्रचार प्रसार तथा डकुमेन्टेशन शाखाले गर्नेछ ।
४. प्रारम्भिक छनौट गर्दा पुरस्कार सम्बन्धी सार्वजनिक सूचनामा तोकिएको ढाँचामा प्राप्त आवेदनहरु रहे नरहेको मूल्याङ्कन गर्नु पर्नेछ ।
५. उपर्युक्त रोष्टरमा भएका संघ संस्था र व्यक्तिहरुको Bio data प्रतेक दुई (२) वर्षमा अध्यावधिक गर्नु पर्नेछ ।

७. पुरस्कार सम्बन्धी अन्तिम निर्णय

राष्ट्रिय वनस्पति पुरस्कार सम्बन्धी अन्तिम निर्णय पुरस्कार मूल्याङ्कन समितिको सिफारिसको आधारमा वन तथा वातावरण मन्त्रालयबाट हुनेछ ।

८. राष्ट्रिय वनस्पति पुरस्कार २०६६ कार्यविधि खारेज गरिएको छ ।